*मितिः २०८३।०५।१५ गते* *गाउँ कार्यपालिका* *बैठक नं. १४*

आज मिति २०८३।०५।१५ गते सोमबारका दिन दिउँसो ०१:०० बजे यस बागमती गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री सर्केश घलानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

| उपस्थिति | | | |
|---|---|---|---|
| क्र. सं. | नाम, थर | पद | हस्ताक्षर |
| १ | श्री सर्केश घलान | अध्यक्ष | |
| २ | श्री फणिन्द्र कुमार तिमल्सिना | उपाध्यक्ष | |
| ३ | श्री हस्त बहादुर थिङ, ०१ नं. का.वा. वडाध्यक्ष | सदस्य | |
| ४ | श्री जनक बहादुर पहरी, ०२ नं. वडाध्यक्ष | सदस्य | |
| ५ | श्री कमान सिँ पाखिन, ०३ नं. वडाध्यक्ष | सदस्य | |
| ६ | श्री दन्त लाल माझी, ०४ नं. वडाध्यक्ष | सदस्य | |
| ७ | श्री विजय कुमार भोलन, ०५ नं. वडाध्यक्ष | सदस्य | |
| ८ | श्री टेक बहादुर डिम्डुङ, ०६ नं. वडाध्यक्ष | सदस्य | |
| ९ | श्री उत्तर बहादुर भोलन, ०७ नं. वडाध्यक्ष | सदस्य | |
| १० | श्री इन्द्रमणी तिमल्सिना, ०८ नं. वडाध्यक्ष | सदस्य | |
| ११ | श्री पुनराम घलान, ०९ नं. वडाध्यक्ष | सदस्य | |
| १२ | श्री भिम भुजेल | सदस्य | |
| १३ | श्री डम्बर बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री अम्बिका विश्वकर्मा | सदस्य | |
| १५ | श्री उर्मिला वि.क. | सदस्य | |
| १६ | श्री भगवती माया माझी | सदस्य | |
| १७ | श्री सुनिता नेगी | सदस्य | |
| १८ | श्री ओम बहादुर दर्जी | सचिव | |

*मिति: २०८३।०५।१५ गते* **गाउँ कार्यपालिका** *बैठक नं. १४*

| क. सं. | प्रस्तावित विषयहरु | कैफियत |
|---|---|---|
| १ | विगत गाउँ कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा। | |
| २ | LGPAS सम्बन्धमा। | |
| ३ | बागमती गाउँपालिकाको बार्षिक कार्ययोजना सम्बन्धमा। | |
| ४ | क्रसर निर्माण योजनाको म्याद थप सम्बन्धमा। | |
| ५ | कार्यविधि एवं मापदण्ड सम्बन्धमा। | |
| ६ | दायित्व भुक्तानी सम्बन्धमा। | |
| ७ | भेरिएशन सम्बन्धमा। | |
| ८ | प्रदेश समपूरक योजना कार्यान्वयन सम्बन्धमा। | |
| ९ | विविध १ | |

सर्केश घलान
अध्यक्ष

*मितिः २०८३।०५।१५ गते* **गाउँ कार्यपालिका** *बैठक नं. १४*

**निर्णयहरु**

*निर्णय नं. ०१*

**प्रस्तावित विषय नं. ०१** माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाबाट गत विगतमा गरिएका अधिकांश बैठकका निर्णयहरु कार्यान्वयन भएका एवं कार्यान्वयनको चरणमा रहेको हुँदा थप प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका जनप्रतिनिधिमुलक संयन्त्र, कर्मचारी संयन्त्र तथा सम्पूर्ण सरोकारवालाहरुको सहयोग एवं समन्वयमा सबै संयन्त्रहरु परिचालन गरी कार्यसम्पादन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

*निर्णय नं. ०२*

**प्रस्तावित विषय नं. ०२** माथि छलफल गर्दा स्थानीय तह शासन कार्यसम्पादन मूल्यांकन प्रणाली (Local Governanece Performance Assessment System: LGPAS) मा बागमती गाउँ कार्यपालिकाको कार्यालय मातहतका विषयगत शाखाद्वारा आ.व. २०८२/०८३ मा सम्पादित कार्यहरुको निर्धारित ढाँचामा तोकिएका विवरणहरु प्रविष्टि गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष ९४.२० अंक दाबी सहितको प्रारम्भिक नतिजाको मस्यौदा पेश भएको जनाकारी आज बसेको गाउँ कार्यपालिकाको बैठक समक्ष प्रस्तुत गरिएको हुँदा उक्त नतिजालाई गुणस्तरीय एवं बस्तुनिष्ठ बनाई प्रारम्भिक नतिजा तयार पारी जिल्ला समन्वय समितिको कार्यालयमा पेश गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

*निर्णय नं. ०३*

**प्रस्तावित विषय नं. ०३** माथि छलफल गर्दा बागमती गाउँपालिकाको आ.व. २०८३।०८४ को बार्षिक नीति, कार्यक्रम तथा बजेटमा उल्लिखित कार्यक्रम एवं बजेटको प्रभावकारी तबरले योजनाबद्ध ढंगबाट कार्यान्वयन गर्नका लागि स्वीकृत बार्षिक खरिद योजना बमोजिम गाउँ कार्यपालिकाको कार्यालय मार्फत प्रमुख प्रशासकीय अधिकृतद्धारा आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको ***अनुसूची-१*** मा उल्लिखित बागमती गाउँपालिकाको आ.व. २०८३।०८४ को विषयगत शाखाका बार्षिक कार्ययोजना स्वीकृत गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

*निर्णय नं. ०४*

**प्रस्तावित विषय नं. ०४** माथि छलफल गर्दा आ.व. २०८१/०८२ को आयोजना **"क्रसर निर्माण", Project Title "Construction, Installation, Testing and Commissioning of 100 TPH Crushing Plant at Bagmati, Makwanpur.," IFB No: BRM/NCB/TEND/010/2081/082** को मिति २०८२/०१/३० गते PPMO को Online Portal तथा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा समेत बोलपत्र प्रकाशित भई मिति २०८२/०५/१९ गते बागमती गाउँ कार्यपालिकाको कार्यालय र श्री **MARSYANGDI-APPLIED JV, Kathmandu, Nepal.** बीच सम्झौता भई मिति २०८२/११/१९ गते भित्र कार्यसम्पन्न गर्ने गरि कायदिश दिईएकोमा प्रथम पटक मिति २०८३/०५/१८ गते सम्मका लागि म्याद थप गरी उक्त योजना चालु आ.व. २०८३/०८४ मा समेत क्रमागत योजनाको रुपमा कार्यान्वयनको चरणमा रहेकोमा Control Room निर्माण तथा पानीको व्यवस्थापनको लागि Sump well निर्माण एवं पाइप तथा मोटर जडान लगायतका विविध कार्यहरु थप भइ भेरिएसन भएकोले निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न हुन नसक्ने अवस्था सिर्जना हुन गएको कारण सो ठेक्काको म्याद थप गरि पाउँ भनि बागमती गाउँ कार्यपालिकाको कार्यालयमा निर्माण व्यवसायीको

निवेदन पर्न आएकोले Bid Document को GCC को Clause 35.2 (Extension of the Intended Completion Date), सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० एवं बागमती गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ को नियम १२९ मा भएको प्रावधान मुताबिक मिति २०८३/०८/१८ गते सम्म म्याद थप गरी कार्यान्वयन गर्न, गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वम्मतिमा निर्णय गरियो।

*निर्णय नं. ०५*

**प्रस्तावित विषय नं. ०५** माथि छलफल गर्दा बागमती गाउँपालिकाको बार्षिक नीति, कार्यक्रम तथा बजेटको विधिसम्मत एवं प्रकृयागत ढंगबाट प्रभावकारी कार्यान्वयन गर्न तथा गाउँपालिकालाई दीर्घकाल सम्मका लागि आवश्यक पर्ने देहायानुसारका महत्वपूर्ण कानुनको मस्यौदा निर्माण गर्न गाउँ कार्यपालिकाको कार्यालय मार्फत विधेयक समितिलाई अनुरोध गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| क्र. सं. | नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डको विवरण | कै. |
|---|---|---|
| १ | बागमती गाउँपालिकाको भूउपोग मापदण्ड, २०८३ | निर्माण |

*निर्णय नं. ०६*

**प्रस्तावित विषय नं. ०६** माथि छलफल गर्दा चालु आ.व. २०८३/०८४ को बार्षिक कार्यक्रम तथा बजेटमा उल्लिखित ***अनुसूची-२*** बमोजिमका गत आ.व. को यस आ.व. मा सारिएका दायित्व भुक्तानी एवं विविध कारणबश दायित्व भुक्तानीको रुपमा नसारिएका एवं छुट्न गएका केही दायित्व भुक्तानीलाई समेत समेटी चालु आ.व. मा यस गाउँपालिकाको खाता संचालन लगत्तै पहिलो प्राथमिकतामा राखी दायित्व भुक्तानी गर्न, गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

*निर्णय नं. ०७*

**प्रस्तावित विषय नं. ०७** माथि छलफल गर्दा आ. व. २०८२/०८३ को योजना तथा कार्यक्रम अन्तर्गत **"गाउँपालिकाको प्रशासकीय भवन निर्माण"** (**Project Title: Construction of RCC Framed Administrative Building at Bagmati Rural Municipality, IFB No: BRM/NCB/WORKS/007/2082/083**) कार्यान्वयानार्थ मिति २०८३/०१/१७ गते बागमती गाउँ कार्यपालिकाको कार्यालय र **M-S-M JV, Kalikot, Nepal** बीच ने.रु. ६,९६,९८,४४७।६७ (अक्षरेपि छ करोड छयानब्बे लाख अन्ठानब्बे हजार चार सय सत्चालीस रुपैयाँ सत्सट्ठी पैसा मात्र भ्याट र PS समेत) मा सम्झौता भइ निर्माण कार्य भइरहेकोले गाउँपालिकाको प्रशासकीय भवन निर्माण योजनाको लक्ष्य एवं उद्देश्य, सोको उपयोगिता, प्राविधिक राय तथा सिफारिस, अवस्थिति एवं स्थानको आधारमा ***अनुसूची-३*** मा उल्लिखित भेरिएशन आदेशलाई स्वीकृत गरी सोही बमोजिम कार्य गर्न, गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

सर्केश घलान
अध्यक्ष

*मिति: २०८३।०५।१५ गते* **गाउँ कार्यपालिका** *बैठक नं. १४*

*<u>निर्णय नं. ०८</u>*

**प्रस्तावित विषय नं. ०८** माथि छलफल गर्दा चालु आ.व. २०८३/०८४ को बार्षिक बजेट तथा कार्यक्रममा उल्लिखित प्रदेश समपूरक अनुदान अन्तर्गतका योजनाहरू, देहायअनुसार कार्यान्वयन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

क) चालु आ. व. २०८३/०८४ को **प्रदेश समपूरक अनुदान** अन्तर्गत **"गुर्दुम कुटीभकारी सडक, वडा नं. ०३"** कार्यान्वयानार्थ बागमती गाउँपालिकाको ४०% र बागमती प्रदेश सरकारको ६०% गरी समपूरक बजेट रु. २,००,००,०००।०० (अक्षरेपि दुई करोड मात्र) रहेकोमा उक्त योजनाको लक्ष्य एवं उद्देश्य, सोको उपयोगिता, प्राविधिक राय तथा सिफारिस, अवस्थिति एवं स्थानको आधारमा दुई करोड भन्दा केही बढी रकमको लागत अनुमान आउने देखिएकोले सोही अनुसार लागत अनुमान बढाई NCB को Sigle Stage Double Envelope प्रक्रियाबाट ठेक्का आह्वान गर्न, गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने। उक्त योजना कार्यान्वयन गर्ने क्रममा गुर्दुम कुटीभकारी सडक खण्ड अन्तर्गतको लखन खहरे खोलामा बक्स कल्भर्ट निर्माण गरी Protection Work र Approach Road समेत निर्माण गरी योजना कार्यान्वयन गर्न, गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने। साथै, विनियोजित बजेट भन्दा बढी हुन जाने बजेटको हकमा चालु आ.व. मा विभिन्न योजना कार्यान्वयनको क्रममा प्राप्त हुन जाने कन्टिन्जेन्सी रकमबाट व्यवस्थापन गर्ने।

ख) चालु आ. व. २०८३/०८४ को **प्रदेश समपूरक अनुदान** अन्तर्गत **"राईगाउँ क्यान्टिन मोटरबाटो वडा नं. ०२"** कार्यान्वयानार्थ बागमती गाउँपालिकाको ४०% र बागमती प्रदेश सरकारको ६०% गरी समपूरक बजेट रु. २,००,००,०००।०० (अक्षरेपि दुई करोड मात्र) रहेकोमा उक्त योजनाको लक्ष्य एवं उद्देश्य, सोको उपयोगिता, प्राविधिक राय तथा सिफारिस, अवस्थिति एवं स्थानको आधारमा दुई करोड भन्दा केही बढी रकमको लागत अनुमान आउने देखिएकोले सोही अनुसार लागत अनुमान बढाई NCB को Sigle Stage Double Envelope प्रक्रियाबाट ठेक्का आह्वान गर्न, गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने। उक्त योजना कार्यान्वयन गर्ने क्रममा राईगाउँ क्यान्टिन मोटरबाटो वडा नं. ०२ अन्तर्गत राईगाउँ टाँडीदेखि पहिरे खण्डमा PCC Road ढलान लगायतका प्राविधिक लागत अनुमानका आधारमा योजना कार्यान्वयन गर्न, गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने। साथै विनियोजित बजेट भन्दा बढी हुन जाने बजेटको हकमा चालु आ.व. मा विभिन्न योजना कार्यान्वयनको क्रममा प्राप्त हुन जाने कन्टिन्जेन्सी रकमबाट व्यवस्थापन गर्ने।

सर्केश घलान
अध्यक्ष

*निर्णय नं. ०९*

**प्रस्तावित विषय नं. ०९ विविध** माथि छलफल गर्दा आवश्यकता एवं औचित्यताको आधारमा देहायानुसार सर्वसम्मतिमा निर्णय गरियो।

क) बागमती गाउँपालिका ०३ नं. वडा कार्यालय कुटीभकारीको पत्र संख्या २०८३/०८४, च.नं. ३८, मिति २०८३/०५/११ गतेको प्राप्त पत्रानुसार उक्त वडा अन्तर्गतका देहायानुसारका जग्गाहरुको गत विगतदेखि भोगचलन गर्दै आएका नागरिकहरुबाट स्वामित्व हस्तान्तरण भई यस बागमती गाउँपालिकाको स्वामित्वमा आएको हुँदा सोको प्रमाणित गर्ने।

देहाय

| क्र.सं. | भोगचलन गर्दै आएका नागरिकको नाम, थर | सिट नं. | जग्गाको क्षेत्रफल | | कै. |
|---|---|---|---|---|---|
| | | | बिघा | बर्ग मिटर | |
| १ | सुवास लामा घिसिङ | १०८-११९४ | ०-२-११-० | ८७६.७० | |
| २ | डुप्वाङ दोर्जे पाखिन | | ०-१-१८-० | ६४४.९० | |
| ३ | कुनसाङ पाखिन र कारसाङ पाखिन (संयुक्त) | | ०-१-३-० | ४०३.५ | |
| ४ | विजय जिम्बा | | ०-१-१५-० | ६०४.२९ | |

सर्केश घलान
अध्यक्ष